

# अध्याय -११

## निकट वा आउनै लागेको द्वन्द्व वा मतभेद

<u>यस अध्यायका मूल पदहरू:</u> प्रकाश १४:७,९,१२; प्रकाश ४:११; प्रकाश १३:१,२; प्रकाश १२:३-५; प्रकाश १३:११-१८।

*<u>यस अध्यायका मुल पदहरू:</u> यस अध्यायको मुल सार पदः "हे परमेश्वर पिता, यिनीहरूलाई सत्यले पवित्र वा चोखो राख्नुहोस्। तपाईंको वचन नै सत्य हो।" यूहन्ना १७:१७।*

वर्तमान युगमा विज्ञानले अनेकौं चमत्कारीय आविष्कारहरू गरिरहेका छन्। चिकित्सा क्षेत्रमा नयाँ यन्त्र आविष्कार गरिएको छ। त्यसलाई बायोचिप वा भेरी चिप भनिन्छ। यो चामलको गेडा जतिको आकार छ। यो बिरामीमा प्रत्यारोपण गरिन्छ वा शरीरमा गाभी दिन्छ। यो राखिएको ठाउँमा स्कान गरियो भने त्यसमा त्यस व्यक्तिमा राखिएको चिकित्सा इतिहास वा लगत पढ्न सकिन्छ। यो त खानाको पाकेटमा राखिएको बारकोड वा डलरमा राखिएको पशुको रहस्यमय छाप हो जुन ६६६ सँग मिल्छ भनेर कतिपय इसाईहरूले विश्वास गर्दछन्। कतिपयले यो बायोचिप जन्त्र जस्तो हो, कुनै रहस्यमय आध्यात्मिक किरणको प्रतिक हो, अमेरिकालाई आक्रमण गर्ने कालो हेलकप्टरको चिन्ह हो र अझ कतिपयले त यो राष्ट्रसँघ वा सबै राष्ट्रहरूलाई एकै थलोमा ल्याउने योजनाको चिनो हो भनेर पनि विश्वास गर्छन्।

युगको अन्तमा आउने कसलाई पूजा गर्ने, को सर्वोपरि तत्व हो जसलाई सबैले ढोग्दछन् वा परमेश्वरलाई भन्ने विवादको बारेमा प्रकट गर्ने यस अध्यायको लक्ष्य हो। परमेश्वरको व्यवस्था वा दश आज्ञा र उहाँको

अधिकारलाई पन्छाउन सैतानले चुनौती दिनेछ। विशेष गरेर यस जगतका सृष्टिकर्ता सनातन परमपिता परमेश्वरलाई चिन्हाउने साबथ नै विश्वमा हुने द्वन्द्वको केन्द्रविन्दु हुनेछ। हप्ताको सातौं दिन साबथमा परमेश्वरको आराधना गर्ने हो कि वा रोमन क्याथोलिकको आदेश अनुसार स्थापना गरिएको कठित साबथ वा आइतबार नै विश्राम दिन हो भन्ने विवादमा विश्व जनसंख्या फस्नेछ। सैतानको निम्ति साबथको अवधारणा नै आपत्तिजनक छ किनभने उसले सृष्टिकर्तालाई घृणा गर्दछ। येशू ख्रीष्टप्रतिको समर्पित जीवनलाई भङ्ग पार्न सैतानले विभिन्न सरकार, संस्था र धर्मद्वारा नै दादागिरी गरेर वाध्य पार्नेछ। उसले अनेकौं दवाव र बल प्रयोग गरेर ख्रीष्टप्रतिको हाम्रो आस्थालाई ध्वस्त पार्न खोज्नेछ। सत्य र असत्य धर्म वा आराधना दिनको विषयमा लिएर तक्कर पर्नेछ। अनेकौं सतावट, आर्थिक नाकाबन्दी, झ्यालखानामा जाकिएतापनि वा मृत्युकै सामना गर्नु परेतापनि ख्रीष्टप्रतिको निष्ठा नत्यागन परमेश्वरको अन्तिम आह्वान येशूभक्तहरूलाई दिएको छ। येशूको शक्तिले उहाँप्रति निष्ठावान र आस्थावान प्रिय भक्तहरू अन्तिम द्वन्द्वमा कसरी पार हुनेछ भन्ने विषयवस्तु यस अध्यायले नियाल्नेछ।

***यो अध्याय द ग्रेट कन्त्रोभर्सी अध्याय ३५ र ३६मा आधारित छ।***

## १. प्रकाशको पुस्तकले औंल्याइको अन्तिम द्वन्द्व

प्रकाशको पुस्तक रहस्यमय चिन्ह, गुप्त, अप्रकट बोली, अनौठा पशुहरू र अचम्मका प्रतिक तथा चित्रणहरूले भरिएका छन्। तर तिनीहरू मात्र प्रकाशको पुस्तकमा छैन। युगको अन्तमा रहनेहरूको निम्ति प्रिय परमेश्वरले दिनुभएका सनातन सत्यहरू पनि यस पुस्तकमा कोरिएका छन्। स्वर्ग मै कसको आराधना वा पूजा गर्ने द्वन्द्व सुरु भएको थियो। महामहिम सर्वोच्च र जगतब्रम्हाण्डको परमेश्वर को हुनुहुन्छ भन्ने भिषण विवाद यस पृथ्वीका विभिन्न धर्म, धर्मशास्त्र र दर्शनहरूमा होइन तर स्वर्गमा नै सुरु भएको थियो। युगको अन्तको पराकाष्टामा कसको आराधना गर्ने भन्ने विषयमा भिषण द्वन्द्व मच्चिने छ।

**जगत ब्रम्हाण्डमा भइरहेको असल खराब वा सत्य र असत्यको बिचमा भइरहेको भिषण द्वन्द्व कुन विषयवस्तुमा आधारित छ? हेर्नुहोस्, " ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।... ९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो**

**भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ।" प्रकाश १४:७, ९-१०, "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।"प्रकाश ४:११।**

कसको भक्त हुने, कसको उपासना गर्ने, कसको पूजा गर्ने, कसमाथि अगाढ श्रद्धा राख्ने, सर्वोच्च परमपरमेश्वर को हुनुहुन्छ भनेर स्पष्ट रूपमा जानकारी र सृष्टि विषयहरू अभिभाजित वा अलग नहुने विषयवस्तु हो, ती एक आपसमा छुट्याउन नसक्ने गरी गाँसिएका वा बुनिएका छन्। सारा सृष्टिको प्रभु परमपरमेश्वरको आराधना गर उहाँका भक्त होउ भनेर प्रकाश १४:७ले हामीलाई आह्वान गर्दछ। विकाशवाद सिद्धान्तको बाढीले छोपिएको यस संसारमा हाम्रो चिनारी साबथ हो भनेर सनातन याद दिलाउने धरोहरको रूपमा खडा भइरहेको छ। हामी कुनै पूजनीय भगवान, स्वामी, जगतगुरु, परमेश्वर होइन तर सृष्टि हौं र हाम्रा सृष्टिकर्ता साबथका प्रभुमा नै हामी बफादार हुनुपर्छ र उहाँ मात्रै हाम्रो ढोगको योग्य हुनुहुन्छ। त्यसैकारण, इसाई भनाउँदाहरू मार्फत नै साबथ प्रति आफ्नो घृणा सैतानले मच्चाइरहेको छ।

**प्रकाश १२:१७ र १४:१२मा सृष्टिकर्ता परमेश्वरलाई दिनुपर्ने हाम्रो अन्तिम अभिव्यक्ति वा आवाज उहाँप्रति हाम्रो ढोग वा श्रद्धा हो भनेर देहायका पदहरूले कसरी बताउँछन्? हेर्नुहोस्, " तब त्यो विशाल सर्प त्यस स्त्री प्रति खूबै क्रोधित भयो। त्यो सर्प त्यस स्त्रीको अन्य बालकहरूको विरुद्ध लडाईं गर्न हिँड्यो। त्यस स्त्रीका बालकहरू तिनीहरू थिए जसले परमेश्वरको आदेशको पालन गर्थे। येशूले सिकाएको सत्य तिनीहरूसित थियो।" र "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।" प्रकाश १४:१२।**

हप्ताको सातौं दिन साबथलाई नै पालन गरेर त्यही दिनमा मै सृष्टिकर्ताको आराधना गर्नु भनेको सरासर पशु वा सैतानको खिलाफमा छ। संसारको इतिहासमा जतिसुकै भयानक यातना वा सतावट सहनु परेतापनि वा

विरोधको सामना गर्नुपरेतापनि परमेश्वरका थोरै मात्र भएपनि केही श्रद्धालु जनहरू हुनेछन् जो उहाँ प्रति बफादार हुनेछन्।

"झुठो साबथ वा आइतबार नै सारा इसाईहरू चर्चमा जानुपर्छ र परमेश्वरको आराधना सेवा गर्नुपर्छ भन्ने कानुन सरकारले पारित गरेतापनि त्यो चौथो आज्ञाको विपरित भएको मान्नुपर्दछ। सृष्टिकर्ता परमेश्वरको नै विरोधमा खडा हुने भ्रष्ट शक्तिको सामना गर्दै परमेश्वरको व्यवस्था वा दश आज्ञालाई पालन गरेर सत्य साबथमा परमेश्वरको उपासना गर्नुपर्छ भनेर जिकिर गर्नेहरूको समूहले सृष्टिकर्ता प्रति बफादार भएको प्रमाणित गर्दछ।"-*द ग्रेट कन्त्रोभर्सी,* ६०५।

जो मुक्तिदाता येशूका भक्तहरू छन् तिनीहरूमा येशूको वा येशूमा विश्वास हुन्छन् भनेर प्रकाश १४:१२ले स्पष्ट पारेको छ। येशूको विश्वास वा येशूमा भएको विश्वास यस्तो गहिरो छ कि त्यसले यस संसारमा कहिल्यै पनि नदेखिएको परमेश्वरमाथि भरोसा राखेको हुन्छ। आफ्नो आस्थाको बारेमा नबुझेतापनि त्यसलाई सुरक्षित राख्दछ। यो येशूबाट पाएको उपहार वा वरदान हो। यो हामीले हाम्रो विश्वासबाट नै पाउँछौं। अनेकौं आउनेवाला कठिन द्वन्द्वमा यही विश्वासले हामीलाई पार लगाउँदछ।

***हप्ताको सातौं दिन साबथ नै परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर देखाउने आधारशीला प्रतिक हो जुन अदनको बगैंचामा बसालिएको थियो। रोमन क्याथोलिक चर्चले (दानिएल ७:२५) यसलाई उल्टाउने प्रयास गर्नु नै परमेश्वरको आधिकारिकता, मान्यता र अस्तित्वको आधारशीला नै ध्वस्त पार्न खोज्नु हो। यो सत्य अन्तिम युगसम्म नै द्वन्द्वको विषय भइरहने विषय हो भनेर हामीले कसरी बुझ्ने?***

## २. आउने सङ्कट

परमेश्वरसँगको युद्धमा सैतानले गर्ने भिषण र सबभन्दा नराम्रो युद्धको बारेमा दिएको भविष्यवाणी प्रकाश १३ अध्यायमा छ जहाँ पशुको छापको भविष्यवाणी उल्लेख गरिएको छ। येशू क्रूसमा मरिसक्नुभएपछि शत्रु सैतानलाई थाहा थियो कि उ हारिएको छ, तर उसले आफूसँग जतिधेरै सक्यो त्यति मानिसहरू आफूतिर तानेर नाश गर्ने निश्चय गरेको छ। त्यस रणनीतिको पहिलो अभियानमा उसले छली नीति प्रयोग गर्दछ। तर कोही उसको छलमा पर्दैन भने उसले बलजफ्ती गर्ने निर्णय गरेको छ। जसले पशुको पूजा गर्दैन उसलाई

मृत्यु दण्ड दिने सरकारी र धार्मिक निर्णय गराउने पर्दा पछाडि सैतानले नै प्रमुख भूमिका खेल्नेछ।

धर्मको नाउँमा मानिसहरूलाई यातना दिने, सास्ती दिने र दवाउने कुनै नयाँ होइन। हाबेलले परमेश्वरका आज्ञा पालन गरेकोले कैयनले उसलाई मारेका थिए।त्यसबेलादेखि धर्मको नाउँमा सतावट सुरु भएको थियो। येशूले नै भन्नुभएको थियो कि उहाँका भक्तहरूले सतावटको सामना गर्नुपर्नेछ।

**नयाँ करारको चर्चले के अनुभव गरे जुन युगको अन्तमा हुने ख्रीष्टको चर्चले पनि सामना गर्नेछ? हेर्नुहोस्, " १ "तिमीहरूले ठोकर नखाओ भनेर नै मैले यी कुरा तिमीहरूलाई भनेको हुँ। २ तिनीहरूले तिमीहरूलाई सभाघरहरूबाट निकालिदिनेछन्। वास्तवमा यस्तो समय आइरहेछ, जब तिमीहरूलाई हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ। ३ तिनीहरूले यी काम गर्नेछन्, किनभने तिनीहरूले पितालाई चिनेका छैनन्, र मलाई पनि चिन्दैनन्। ४ तर यी कुरा मैले तिमीहरूलाई बताएको छु, कि जब त्यो समय आउँछ, तब तिमीहरूलाई के भनेथें सो तिमीहरूलाई स्मरण हुनेछ। पहिले नै मैले तिमीहरूलाई यी कुरा भनिनँ, किनकि म तिमीहरूसँग थिएँ।" यूहन्ना १६:१-४; "२१ "भाइले भाइलाई मृत्युको लागि पक्राइदिनेछ, र बाबुले छोराछोरीलाई, र छोरा-छोरीहरू आमा-बुबाहरूका विरुद्धमा उठ्नेछन् र तिनीहरूलाई मार्न लाउनेछन्। २२ मेरो नाउँको खातिर सबैबाट तिमीहरू घृणित हुनेछौ। तर जो अन्त्यसम्म स्थिर रहन्छ, त्यसैको उद्धार हुनेछ। २३ जब तिनीहरूले तिमीहरूलाई एउटा सहरमा सताउँछन् तब अर्कोमा भाग। किनकि साँच्चै म तिमीहरूलाई भन्दछु, मानिसको पुत्र आउन अघि तिमीहरू कुनै रीतिले इस्राएलका सबै सहरहरू डुलिसकेका हुनेछैनौ।" मत्ती १०:२१-२३; "ख्रीष्ट येशूमा भक्तिसाथ जीवन बिताउन इच्छा गर्नेहरू सबै जना सतावटमा पर्ने नै छन्।", २ तिमोथी ३:१२ र " १२ प्रिय हो, तिमीहरूलाई पारख गर्ने अग्निमय परीक्षा तिमीहरूमाथि आइपर्दा केही अनौठो कुरा भएजस्तै तिमीहरू छक्क नपर। १३ तर ख्रीष्टका कष्ट-भोगमा सहभागी हुँदा रमाओ, ताकि उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि आनन्दित र हर्षित हुन सक। १४ यदि ख्रीष्टको नाउँमा तिमीहरू निन्दित भयौ भने तिमीहरू धन्यका हौ। किनभने महिमाका र परमेश्वरका आत्मा तिमीहरूमाथि रहनुहुन्छ।" १ पत्रुस ४:१२-१४।**

संसारको इसाई इतिहासभरी विभिन्न देशहरूमा येशूभक्तहरूलाई सताउने चलन त साधारण नै भएको छ। यो मूर्तिपूजा गर्ने रोममा थियो। अनि

बाइबल र बाइबल मात्र विश्वास गर्ने येशूभक्तहरूलाई रोमन क्याथोलिक र अतिवादी इसाईहरूले भिषण आक्रमण मध्यकालिन युगमा सर्वत्र थियो। यस नारकीय सिक्रीमा पशुको छापले सक्रिय भूमिका खेल्नेछ। विगतमा भएका सतावट जस्तै यो सतावट तिनीहरूमाथि आइ पर्नेछ जसले राज्य कठित चर्च वा रोमन क्याथोलिक चर्चले तिनीहरूले निर्धारण गर्ने निश्चित आराधना प्रणालीसँग दश आज्ञा र साबथ पालन गर्ने झुक्दैन।

येशूका सत विश्वासीहरूलाई आर्थिक नाकाबन्दी गरेर सतावट सुरु गर्नेछ भनेर भविष्यवाणीले आभास दिन्छः जोसँग पशुको छाप छैन त्यसले किनबेच गर्न पाउनेछैन। पशुको छाप नलिने मानिसलाई मृत्युदण्डको सजायँ पनि सुनाउनेछ (प्रकाश १३:१५,१७)।

इसाई हौं भनेर दावी गर्ने गर्नेहरूमा पशुको छाप लगाउन सैतान तयार भइरहेको छ। विश्वास वा धर्मको नाउँमा सबैसँग सम्झौता गर्नुपर्छ भनेर जीवन बिताउने इसाईहरूलाई त्यो छाप लगाउनेछ। जब सारा संसार नै पशु वा पोपलाई सम्मानसाथ हेर्दछ (प्रकाश १३:३) तब, अचानक दृश्य परिवर्तन हुनेछ र भविष्यवाणीको क्यामरा परमेश्वरका जनहरूतिर लक्षित गरिनेछ। प्रकाश १४:१२ले त्यसको चित्रण यसरी गरेको छः "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूका विश्वास हुनेहरू यी नै हुन्।" परमेश्वरप्रति बफादारी रहेर ईश्वरीय जीवन उहाँका जनहरूले बिताउनेछ। उहाँको अनुग्रहले तिनीहरू आस्थामा अडिग हेनेछन्, तर तिनीहरूको वरिपरि सबै हल्लीरहनेछन्। जब संसार पशु वा पोपको पछि लागिरहेको हुन्छ तब तिनीहरू जहाँ जहाँ थुमा वा येशू जानुहुन्छ त्यहाँ त्यहाँ तिनीहरू उहाँको पछि लाग्नेछन् (प्रकाश १४:४)। तिनीहरूको विरुद्धमा खडा भएको नर्कका शक्तिहरूमाथि येशू ख्रीष्टको शक्तिले विजयी हुनेछन्।

हामीले अध्याय ९मा हेऱ्यौं कि असल र खराबको बीचमा भइरहेको भिषण द्वन्द्वको विषयवस्तु नै कसको पूजा गर्ने वा आराधना गर्ने वा कसलाई ढोग्ने भन्नेमा हुनेछ। जब पशुले आफ्नो छली काम गरेर येशूभक्तहरूलाई फसाउन खोज्छ तब उसले बल प्रयोग गरेर जबरजस्ती आफूतिर ल्याउन खोज्नेछ।

***तपाईंले पालन गर्नपर्ने साबथमा आर्थिक मामिलालाई कसरी छिटो सम्झौता गर्ने तपाईंको नीति छ?***

## ३. पशुको पहिचानः भाग १

**त्यो विशेष पशु कहाँबाट उदय हुन्छ र उसलाई कसले अधिकार दिन्छ? हेर्नुहोस्: "समुद्रबाट एउटा पशु निस्किआएको मैले देखें, जसका दश वटा सीङ र सात वटा शिर थिए। त्यसका सीङमा दश वटा मुकुट थिए, र त्यसका शिरमा ईश्वर-निन्दाको नाउँ थिए। मैले देखेको त्यो पशु चितुवाजस्तै थियो, त्यसका खुट्टाहरू भालूका जस्ता थिए, र त्यसको मुख सिंहको जस्तो थियो। त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति, आफ्नो सिंहासन र ठूलो अधिकार दियो।" प्रकाश १३:१-२।**

जब प्रकाशको पुस्तकले अजिङ्गर भनेर सम्बोधन गर्छ तब प्रायजसो सैतानलाई नै औंल्याएको हुन्छ। प्रकाश १२:३-५ले यो बताउँछ कि जब स्त्रीले पुरुष बालक जन्माइन् तब त्यसलाई नश गर्न अजिङ्गरले प्रयास गऱ्यो र पछि त्यो बालक परमेश्वको सिंहासनमा लगियो। मूर्तिपूजा गर्ने रोमद्वारा खीष्टलाई नाश गर्ने सैतानले प्रयास गरेको थियो (मत्ती २:१६-१८)। त्यसपछि परमेश्वरका परमशत्रु सैतानले राजनैतिक र धार्मिक निकायहरूद्वारा उसको लक्ष्य पूरा गर्न खोजेको थियो र खोजिनै रहेको छ।

यस पशुको शक्ति वा अधिकारको बारेमा हामीलाई बताइएको छ, " त्यस अजिङ्गरले त्यस पशुलाई आफ्नो शक्ति, आफ्नो सिंहासन र ठूलो अधिकार दियो।" प्रकाश १३:२। यो भविष्यवाणी सयौं वर्षपछि अक्षरस पूरा भएको थियो। रोमका सम्राट् कन्स्टेटिनले आफ्नो राजधानी रोमबाट कन्सेटाटिनोपल वा आधुनिक टर्कीमा सारेका थिए। यसले गर्दा रोमको राजकिय सहरमा रहेको सिजरको सिहाँसन खाली भएको थियो। तब, मूर्तिपूजा गर्ने रोमले पशुलाई आफ्नो सिंहासन सुम्पेको थियो वा रोमन क्याथोलिक चर्चको धर्मगुरु पोपलाई।

लेखक आइजाक बाकुसले यो व्यक्त गरेका थिए, "रोमी साम्राज्यको राजधानी कन्स्टानटिपोलमा सारेर रोमको बिशपलाई रोमको सिंहासनमा बस्न अवसर दिएको थियो। त्यहाँ उनले आफूलाई यस संसारमा रहने सबै मानिसहरूभन्दा उच्च दर्जा भएको र स्वर्गकै परमेश्वरभन्दा पनि माथी भएको दावी गरेका थिए।"-*द इनफानाइट इम्पोर्टान्स अभ ओबिडियन्स अभ फेथ, एण्ड सेपरेशन फ्रम द वर्ल्ड,* पृ. १६ (लु र्वाइ इडविन फ्रुम, *द प्रोफेटिक फेथ अभ आवर फादर्स,* ठेली ३, पृ. २१३बाट उद्धृत)। बिलायतको दार्शनिक थोमस हब्स (१५८८-१६७९)ले आफ्नो भनाइ यसरी राख्दछन्, "रोमन क्याथोलिक चर्चको पोप अरू कोही नभएर मरेको रोमी साम्राज्यको भूत हो।

त्यहाँ रोमी साम्राज्यको चिहानमाथि बसेर श्रीपेच लगाएको छ।"-*लिभियाथान* (न्यु योर्कः अक्सफोर्ड, १९९६), पृ. ३८६। राम्रोसँग केलाएर हेरियो भने प्रकाश १३ को समुद्रबाट आएको पशु रोमबाट उदय भएको धार्मिक शक्ति हो र उसले स्थापना गरेको आराधना वा आइतवारे भ्रष्ट धार्मिक प्रणाली हो जुन विश्वव्यापी भएको छ (प्रकाश १३:३,४)। पशु कुनै व्यक्ति होइन, यो धार्मिक संगठन हो जसले परमेश्वरको वचनलाई मानवीय आदेशहरूले साटेको थियो।

**पशु को हो भनेर देहायका पदहरूले किटानी गरेका छन्? हेर्नुहोस्," १ समुद्रबाट एउटा पशु निस्किआएको मैले देखें, जसका दश वटा सीङ र सात वटा शिर थिए। त्यसका सीङमा दश वटा मुकुट थिए, र त्यसका शिरमा ईश्वर-निन्दाको नाउँ थिए।...६ परमेश्वरको विरुद्धमा निन्दा गर्न, उहाँको नाउँ र उहाँको वासस्थान, र स्वर्गमा बस्नेहरूसमेत सबैको निन्दा गर्नलाई त्यसले आफ्नो मुख खोल्यो।" प्रकाश १३:१,६।**

***यूहन्ना १०:३३ र लूका ५:२१ले ईस्वरनिन्दाको परिभाषा यसरी दिन्छन्: (१) जब मानिसले आफू परमेश्वर, भगवान, स्वामी वा जगतगुरु भनेर दावी गर्छ, र (२) मानिसको पापलाई क्षमा दिने अधिकार भएको दावी गर्छ। येशूलाई त्यही आरोप लगाइएको थियो। त्यो अन्याय र गलत थियो किनकि उहाँ सत्य परमेश्वर नै हुनुहुन्थ्यो त्यसकारण, उहाँमा पापहरूलाई क्षमा दिने अधिकार थियो। रोमन क्याथोलिक चर्चको उच्च धर्मगुरु पोपका विशेष शिक्षाहरू छन् जसलाई बाइबलले ईस्वरनिन्दा भनेर ठम्याइएको छः पादरी वा क्योथोलिक चर्चका फादरहरूमा पाप क्षमा गर्ने अधिकार पाएको र पोप नै यस पृथ्वीमा परमेश्वरको प्रतिनिधि हो।***

## ४. पशुको पहिचानः भाग २

परमेश्वरका भक्तजनहरूले पशुलाई होइन उहाँकै आराधना गर्दा महा आनन्द र रमाइलो मान्दछन्। तिनीहरूले परमेश्वरलाई हृदयदेखि प्रेम गर्ने भएकोले उहाँका आज्ञाहरू शिरोपर गर्दछन्। तिनीहरूप्रति परमेश्वर समर्पित भएकोले तिनीहरू पनि उहाँप्रति समर्पित हुन्छन्।

**तर परमेश्वरको विरोधी पशुको पहिचान के हो त? हेर्नुहोस्, "त्यसलाई अहङ्कारी र ईश्वर-निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो। त्यसलाई बयालीस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो।" प्रकाश १३:५।**

इस्राएलीहरूले एक महिनाका दिनहरू ३० दिन भनेर मान्छन्। यसैलाई ख्यालमा राखेर प्रकाश १३:५को ४२ महिना भनेको १,२६० दिन वा वर्षहरू हुन्। भविष्यवाणीमा एक दिनको अर्थ एक वर्ष भनेर हामीले अध्याय ४ मा हेर्‍यौं।

रोमन क्यालोलिक चर्चका पोपहरूले तिनीहरूका प्रभाव र अधिकार सन ४३८देखि सन १७९८सम्म प्रयोग गरेका थिए। सन् १७९८मा फ्रान्सका शासक नेपोलियना सेनापति वर्थिएरले पोपलाई पक्रेर बन्दी बनाइएको थियो। यसले संसारमा रोमन क्याथोलिक चर्चको आधिपत्यको समाप्त भएको थियो। प्रकाश १३:१०को भविष्यवाणी पूरा भएको थियोः "कैदमा जानुपर्ने कैदमा नै जानेछ, तरवारले मारिनेचाहिँ तरवारले नै मारिनेछ। सन्तहरूको सहनशीलता र विश्वास यसैमा छ।" पोपियतन्त्रले पाएको धक्का अत्यन्तै गम्भीर थियो तर घाटक थिएन। प्रकाश १३:१२ अनुसार घातक घाउ निको हुनेछ भनेको छ। पोपियतन्त्रको प्रभाव फेरि विश्वव्यापी भएको छ।

वर्तमान समयमा संसारका शासकहरूले पोपलाई रोमको चर्चको राजदूत भनेर मान्दछन् र उनी रहेको भ्याटिकनमा बराबर भेट्न जान्छन्। अव्यवस्थित र अस्थिर संसारमा पोपलाई विश्वको नैतिक अगुवाको रूपमा मान्ने र उनले नै मानिसहरूलाई एकताको सूत्रमा बाँध्न सक्छन् भन्ने वातावरण सृजना भइरहेको छ। पोपको दरवार वा सेन्ट पिटर स्क्वाएरमामा जम्मा भएका १५००० मानिसहरूलाई जुन ६, सन २०१२मा पोप बेनिडिक्टले यो घोषणा गरेका थिए, "आइतबार प्रभुको दिन हो र पुरुष र स्त्री र प्रत्येक जन स्वतन्त्र हुनुपर्दछ, परिवारको निम्ति र परमेश्वरको आराधना गर्न स्वतन्त्र हुनुपर्दछ। जब हामी आइतबारको पक्षमा बोल्छौं तब हामी मानव स्वतन्त्रताको वकालत गरिरहेका हुन्छौं। https://www.vatican.va/content/benedict-xvi/en/audiences/2012/documents/hf_ben-xvi_aud_20120606.html

आइतबारलाई नै मान्ने अभियान एक दिन पूरा हुनेछ भनेर *द ग्रेट कन्त्रोभर्सीले* स्पष्ट रूपमा प्रकट गरेको छ। "जो मानिसहरू बाइबलले बताएको साबथलाई पालन गर्छन् तिनीहरू देशको कानुन र अधिकारका शत्रुहरू हुन् भनेर अपराधीको रूपमा गनिनेछन्। तिनीहरूले समाजको नैतिक व्यवस्थालाई भङ्ग गर्छन्, तिनीहरूले अराजकता र भ्रष्टतालाई निम्त्याउँछन्, तिनीहरूमाथि परमेश्वरको न्याय खनिनुपर्छ भनेर तिनीहरूको विरुद्धमा जनता र शासकहरूलाई उचाल्नेछन्।...तिनीहरूलाई सरकार विरोधी भनेर आरोप

लगाउनेछ। दश आज्ञालाई अस्वीकार गर्ने पास्टर र प्रचारकहरूले देशका कानुन र सरकारका अधिकारहरूलाई पालन गर्नुपर्छ किनकि तिनीहरू परमेश्वरबाट नै खटिएका छन् भनेर चर्चमा प्रचार गर्नेछन्। कानुनका घरहरूमा र अदालतमा दश आज्ञाहरू मान्नेको गलत प्रतिनिधित्व गर्नेछन् र तिनीहरू अपराधी भनेर दोषी ठहराउनेछ।"-*द ग्रेट कन्त्रोभर्सी,* पृ. ५९२।

**शायद यस्तो समय आउने कुरा विश्वास गर्न अहिले गाऱ्हो होला तर संसार कति छिटो परिवर्तन हुन सक्छ त्यसलाई सोच्नुहोस्। ती परिवर्तनहरूले हाम्रो सामु युगको अन्तिमका घट्नाहरू भइरहेका छन् भनेर कसरी महसुस गर्ने? पृथ्वीबाट उदय भएको पशु प्रकाश १३ मा उल्लेखित दोस्रो पशु पहिलेको भन्दा कसरी फरक छ? हेर्नुहोस्, " ११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सीङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। १३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। १५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्। १६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो। १८ बुद्धिमत्ता यसैमा छः जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छयसट्ठी हो।" प्रकाश १३:११-१८।**

पहिलो पशु समुद्रबाट उदय भएको थियो; दोस्रो पशु पृथ्वीबाट उदय भएको थियो (प्रकाश १३:११)। बाइबलमा समुद्रले मानिसहरू, भिड, राष्ट्र र विभिन्न भाषाहरूको प्रतिनिधित्व गर्छ (प्रकाश १७:१५)। पृथ्वीले कम जनसंख्या भएको संसारको प्रतिनिधित्व गर्दछ। पहिलो पशुको विगिविगीको

भविष्यवाणीको अन्तमा दोस्रो पशुको विजय हुन्छ (प्रकाश १३:५)। सन १७९८तिर दोस्रो पशुले धार्मिक इतिहासमा प्रमुख भूमिका खेल्न थाल्छ।

यो वर्णन अमेरिकाको उदयसँग ठ्याक्क मिल्छ। यसले सन १७७६मा बिलायतबाट स्वतन्त्र भएको थियो। सन १७८९मा यसले आफ्नो सम्विधान बनायो। अनि उन्नाइसौं शताब्दीदेखि यो देश विश्वको शक्तिशाली देशमा गनिन पुगेको छ।

"उसका दुई सिङ्गहरू थुमाको जस्तै थिए र अजिङ्गरले जस्तै बोल्यो," (प्रकाश १३:११) भनेर यूहन्नाले आफ्नो दर्शनको बारेमा अगि बढाउँछन्। बाइबलको भविष्यवाणीमा सिङ्गको अर्थ शक्ति हो। पहिलो पशुको जस्तै यस पशुका सिङ्गहरूमा मुकुट छैन। त्यसको अर्थ यो राजा भएको देश होइन। दुई सिङ्गहरूले दुई आधारभूत नीतिहरूका स्रोत देखाउँछ। अमेरिकाको सफलताको निम्ति त्यसका राजनैतिक र धार्मिक स्वतन्त्रतालाई प्रयोग गर्दछ।

**प्रकाश १३:११,१२ मा पशु कस्तो छ र के बोल्छ भनेर वयान गरेको छ? हेर्नुहोस्, "११ अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखें। त्यसको पनि थुमाका जस्तै दुई वटा सीङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो।" प्रकाश १३:११-१२।**

भद्र र नरम मिजास भएको थुमा जस्तो राष्ट्रले (अमेरिका) आखिरमा आएर अजिङ्गर जस्तै बोल्दछ। यसले "पहिलो पशुको अधिकारलाई" (प्रकाश १३:१२) कार्यान्वयन गर्दछ र धार्मिक स्वतन्त्रताका नीतिहरूलाई त्याग्नेछ। यही राष्ट्रले सारा संसारमा रहेका मानिसहरूलाई जबरजस्ती पहिलो पशुलाई ढोग्न वाध्य पार्नेछ (प्रकाश १३:१२)। पोपको अध्यात्मिक र राजनैतिक अधिकारलाई मान्यता दिएर यस संसारमा रहेका सबै मानिसहरूलाई पहिलो पशुलाई ढोग्न वा उसको आराधना गर्न अमेरिकाले वाध्य पार्नेछ। यस भविष्यवाणी अनुसार अमेरिका पशुको प्रतिक हो र यसले चर्च र सरकार वा राज्यलाई एकै ठाउँमा ल्याएर पशुको स्वरूप वा उसले लादेका आइतबारे कानुन सबैले मान्न कर गर्नेछ।

यो रोचक छ कि पहिलो पशुको शक्तिलाई पहिचान गरिएको समयमा अमेरिका सैनिक र आर्थिक शक्तिको उदय भएको थिएन जसरी अहिले छ।

*आजको अमेरिकामा राजनैतिक अस्थिरताको बारेमा सोच्नुहोस्। एक दिन यसले राजनैतिक र अध्यात्मिक एकताको गठबन्धन गरेर संसारका मानिसहरूलाई आइतबारे कानुन मान्न कर लगाउनेछ भन्ने भविष्यवाणी कसरी पूरा हुनेछ, सो सोच्नुहोस्।*

उपसंहारः

**थप जानकारीः** पशु र उसका मूर्तिलाई ढोग्ने भन्ने वर्णनले दानिएल ३को कथाको याद दिलाउँछ। बेबिलोनका राजाले शाद्राक, मिशाक र अबेदनेगोलाई सुनको विशाल मूर्तिलाई ढोग नत्र भने आगोको भत्तीमा हुत्याइनेछ भनेर उर्दी दिएका थिए। पौराणिक बेबिलोन र आधुनिक बेबिलोनको विषयवस्तु पूजा वा आराधनाको विषयवस्तुमा छ। सत्य आराधना परमेश्वरको वचनसम्मत हुन्छ, उहाँको प्रेमले मानिसको हृदय परिवर्तन भएको हुन्छ र उसको जीवन उहाँको आत्माले भरिएको हुन्छ। यस संसारको नीति वा ढाँचामा हामी चल्नेछैनौं, तर परमेश्वरको इच्छा अनुसार जिइनेछौं। बाइबलले सिकाएको शिक्षादीक्षा अनुसार हामी चल्नेछौं। यो मात्र हाम्रो सुरक्षा हो।

"यो हाम्रो मगजमा घुसाइ राख्नु जरुरी छ कि हाम्रो चाहना, विवेक वा आत्मनिर्णयलाई परमेश्वरले जबरजस्ती परिवर्तन गर्न बल प्रयोग गर्नुहुन्न। तर, आफ्नो बहकाउमा नलाग्ने मानिसहरूलाई आफ्नो नियन्त्रणमा लिन सैतानले आफ्नो जबरजस्ती निर्दयी बल प्रयोग गर्दछ। त्रास र शक्ति प्रयोग गरेर मानिसको विवेकमाथि रजाइँ गर्न खोज्छ र आफूलाई ढोग्न वाध्य पार्दछ। उसको लक्ष्यलाई पूरा गर्न सैतानले दुवै धार्मिक र अनिश्वरवादी राज्य वा अख्तियारहरूलाई प्रयोग गर्दछ। परमेश्वरको व्यवस्था वा दश आज्ञाको खिलाफमा बनाइएको मानवीय कानुन वा नीतिहरूलाई पालन गर्न जबरजस्ती बल प्रयोग गर्न सैतान सक्रिय हुनेछ।"–*द ग्रेट कन्त्रोभर्सी,* पृ. ५९१।

"येशूभक्तहरूले सामना गर्नुपर्ने विपत्ति र कष्टहरू सहन, तिनीहरूले परमेश्वरको वचनमा प्रकट गरिएको उहाँको इच्छालाई जान्नै पर्छ। यदि तिनीहरूमा परमेश्वरको चरित्र, शासन र लक्ष्यको बारेमा ठिक धारणा भयो भने मात्र तिनीहरूले उहाँको सम्मान गर्द सक्दछन्। बाइबलबाट तिनीहरूले जानेका र बुझेका विद्या अनुसार तिनीहरू चल्न समर्पित हुनुपर्दछ। युगको अन्तमा हुने अन्तिम भिषण द्वन्द्वमा बाइबलको सत्यता अनुसार नचल्ने कोही पनि व्यक्ति परमेश्वरको पक्षमा उभिन सक्नेछैन।

त्यसकारण, येशूभक्तहरूको दिमाग परमेश्वरको वचनले भरिभराउ हुनुपर्दछ।"- *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५९३।

"सबै सुधारको आधार र सबै शिक्षा, दर्शन, सिद्धान्तको स्तर वा मानक बाइबल र बाइबल मात्रै हो भनेर जिकिर गरिरहने मानिसहरू यस पृथ्वीमा परमेश्वरले सुरक्षित राखिरहनुहुनेछ। अनेकौं विद्वान, दार्शनिक र पढेलेखेकाहरूको धारणा, विज्ञानको धारणा र अनुमान, धर्मगुरुहरूको परिषदका निर्णयहरू र अनगिन्तियौं चर्चहरू र तिनीहरूमा भएका मतभेदहरू र बहुमतको आवाज नै बाइबल सम्मत आस्था वा विश्वासको प्रमाण हो भन्न मिल्दैन। यदि कसैले कुनै सिद्धान्त, दर्शन र नीति हाम्रो सामु तेर्सिए यसमा प्रभुले के भन्नुभएको छ भनेर हामीले माग गर्नुपर्दछ। कुनै पनि मानवीय शिक्षा वा दर्शनलाई बाइबलले समर्थन गर्छ कि गर्दैन भनेर हामीले जाँच्नु जरुरी छ किनकि हाम्रो आत्मज्ञानको स्रोत वा आधार नै बाइबल हो।"-*द ग्रेट कन्त्रोभर्सी,* ५९५।

**चिन्तनमननः**

**अ.** **कसैलाई भय उत्पन्न नगराइ ख्रीष्टको आगमनको प्रतिक्षा गर्दै अरूलाई आशा बाँड्दै हामी कसरी जिउने?**

**आ.** **आराधना, परमेश्वरलाई ढोग, पूजा, उपसना र भक्तिभाउको बारेमा सोच्नुहोस्। हाम्रो दैनिक जीवन, क्रियाकलाप र आचरणले हामी कसको उपासक हौं भनेर कसरी देखाउने?**

**इ.** **भविष्यको बारेमा परमेश्वरमा भरोसा राखेर हामी कसरी चल्ने र अरूले पनि भविष्यको सामना गर्न कसरी सहयोग गर्ने?**

**ई.** **अन्तिम समयमा भइरहेका विभिन्न घट्नाहरूको बुझाइले हाम्रा जीवनहरूमा कस्तो ठोस भिन्नता प्रदर्शन गर्न सक्छौं?**

## कथा ११
## सुङ्गुरको मासु नखाने, र साबथलाई पालन गर्ने
## आन्ड्र्यु मेकचेस्नी

अफ्रिका महादेशको दक्षिणपूर्वी क्षेत्रमा रहेको मोजाम्बिक सहरमा सारा भन्ने युवतीको यो कथा हो। उनकी आमाले मोजाम्बिकको सहरमा सुङ्गुरको मासु जाँड बेच्छिन्। साराले पनि आफ्नी आमालाई सहयोग गर्दथिन्। तर एक दिन उनले सेभेन्थ-डे एडभेन्टिस्टको बारेमा सोचिन्। "होइन, एडभेन्टिस्टहरू शनिबारै चर्च किन जान्छन्?" अचम्म मान्दै उनले सोचिन्। सानी हुँदा आफ्नो दाजुसँग एडभेन्टिस्ट चर्चमा धेरैपल्ट गएकी थिइन्। तर दाजु अर्कै सहरमा सर्दा सारा आमासँगै रहिन्। उनी आमासँगै आइतबार चर्चमा फेरि जान थालेकी थिइन्। जब उनी आमासँग काम गर्दै थिइन् एडभेन्टिस्ट चर्चको बारेमा याद गर्न थालिन्। उनको घरको अगाडि एडभेन्टिस्टहरू सरेका थिए। तिनीहरू शनिबार किन चर्चमा जान्छन् भनेर तिनीहरूसँग सोध्न एकदिन साराले निर्णय गरिन्।

छिमेकीहरूले साराकी प्रश्नलाई खुशी मानेर जवाफ दिए। तिनीहरूले बाइबल खोलेर प्रस्थान २०:९-११को चौथो आज्ञालाई औँल्याए। सारा आफैले पढिन्, "८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।" सातौं दिन पवित्र रहेछ भनेर उनले थाहा पाइन्। जब येशू यस संसारमा रहनुभएको थियो उहाँले सातौं दिनमा चर्चमा जानुहुन्थ्यो भनेर पनि सिकिन्। त्यसकारण, उनले पनि साबथ पालन गर्न निर्णय गरिन्।

आफूले सुङ्गुरको मासु फेरि कहिल्यै नबेच्ने साराले निर्णय गर्दा आमा धेरै रिसाइन्। उनले शनिबारमा जाँडहरू अबदेखि नबेच्ने भनेर भनिन्। आमाले सारालाई एडभेन्टिस्ट चर्चमा जान मनाही गरिन्। उनले पाँचौं आज्ञा अनुसार

(प्रस्थान २०:१२) आफ्नी आमालाई आदर गर्न चाहन्थिन्। मानिसहरूलाई भन्दा परमेश्वरलाई मान्नु बढी जरुरी छ (प्रेरित ५:२९) भनेर उनले महसुस गरिन् ।

जब साराले सुङ्गुरको मासु र जाँड बेच्न रोकिन् तब आमा छोरीको बीचमा धेरै झगडा हुन थाल्यो। अशुद्ध मासु खान परमेश्वरले मनाही गर्नुभएको छ (लेबी ११:७) र मादक पदार्थ पिउन पनि गलत छ (हितोपदेश २०:१) भनेर आमासँग जिकिर गरिन्। बाइबलले नै सिकाएको, "यसकारण चाहे तिमीहरू खाओ, अथवा पिओ, वा तिमीहरू जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर," (१ कोरन्थी १०:३१) पढेर सुनाइन्। परमेश्वरले मनाही गरेका सामनहरू बेच्दा उहाँको महिमा हुँदैन भनेर पनि उनले बताइन्।

आमाले सारालाई घरबाट निकालीदिइन्। कहीँ जाने ठाउँ नभएकोले सारा एडभेन्टिस्ट दाजुको घरमा गइन्। त्यहाँ भाउजु र तिनीहरूका छोराहरू थिए। उनको हृदय धेरै भारी भयो, "के येशूलाई पछ्याउँदा मैले केही मोल तिर्नुपर्छ र?"

उनको मामिलालाई दाजुले चर्चका अगुवाहरू सामु राखे। तिनीहरूको प्रयासले एडभेन्टिस्ट पास्टरले साराकी आमासँग भेट गरिन्। पास्टरले जे सुनाए त्यो उनले ध्यानपूर्वक सुनिन्। उनले भनेको सबै कुरामा आमाले सहमत त भएन तर तब पास्टरले बोले तब उनको हृदय नरम हुन थालेको थियो। सारा घरमा फर्किन सक्छिन् भनेर उनले बताइन्।

आज अझै पनि साराका विश्वासहरूमा सहमत भएकी छैनन। पवित्र आत्माले उनको हृदयलाई छोऊन् भनेर उनले प्रार्थना गरिरहेकी छिन्। उनलाई थाहा छ कि जसरी परमेश्वरले उनलाई उहाँको प्रेमको बारेमा बढी ज्ञान दिनुभयो त्यही ज्ञान आमालाई पनि दिनुहुनेछ भन्ने कुरामा उनी ढुक्क छिन्।